# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs**　　　　**Date: 01.04.2025**

***प्रमुख समाचार-***

- ***प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा चिलीका राष्ट्रपति Gabriel Boric Font सित दिपक्षीय वार्ता गर्नुभएकोछ। विभिन्न क्षेत्रहरूमा, कैयन समझौताहरूमा हस्कताक्षर भएका छन्।***
- ***राज्यसभाले विमान उपकरणहरूमा हितहरूको सुरक्षा विधेयक,2025 लाई पारित गरेको छ।***
- ***सरकारले भोलि लोकसभामा वक्फ संशोधन विधेयक 2024 प्रस्तुत गर्नेछ।***
- ***राष्ट्रपति द्रौपदी मुर्मुले डिजीटल भोक्तान प्रणालीमा भारतलाई वैश्विक स्तरमा अग्रणी राष्ट्र बनाउका लागि भारतीय रिजर्भ बैंकका प्रयासहरूको प्रशन्सा गर्नुभएकोछ।***
- ***लखनऊमा, IPL, T-20 क्रिकेटमा लखलऊ सुपर जायंटसको, पंजाब किंग्ससित सामना भई रहेकोछ।***

***समाचार विस्तारमा***

***भारत- चिली***

भारत र चिलीले आज आपदा प्रबन्धन र सांस्कृतिक आदान- प्रदानमा सहयोगका लागि समझौताहरूमा हस्ताक्षर गरेका छन्। दुवै पक्षहरूले अन्टार्कटीका सहयोग संवँधी आशाय पत्रको पनि आदान- प्रदान गरेकाछन्। प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा चिलीका राष्ट्रपति Gabriel Boric Font का साथ भारत चिली संबधका सबै पक्षहरूबारे कुराकानी गर्नुभयो। श्री मोदीले गणमान्य अतिथिको सम्मानमा दिउँसोको भोजको आयोजन पनि गर्नुभयो। श्री मोदीले संयुक्त संवाददाता सम्मेलनमा चिली, लैटिन अमेरीकामा भारतको एक महत्वपूर्ण मित्र र साझेदार देश हो, भन्नुभयो। उहाँले भन्नुभयो, आज भएको कुराकानीमा आगामी दशकमा सहयोग बढ़ाउनका लागि कैयन् नयाँ पहलहरूको पहिचान गरिएको छ।

प्रधानमन्त्रीले महत्वपूर्ण खनिजहरूको क्षेत्रमा साझेदारीमा जोढ़ दिइनेछ, भन्नुभयो। भारत डिजीटल सार्वजनिक अवसंरचना, नवीकरणीय ऊर्जा, रेलवे, अन्तरिक्ष र अन्य क्षेत्रहरूमा चिलीका साथ आफ्नो अनुभव साझा गर्व तयार रहेको उहाँले भन्नुभयो। यस अघि राष्ट्रपति बोरिक ले राजधात्मा महात्मा गांधीको समाधिमा पुष्पाञ्जली अर्पित गर्नुभयो। परराष्ट्र मन्त्री डां एस जैशंखर ले पनि राष्ट्रपति बोरिकसित भेटघाट गर्नुभयो र भारत चिली सहयोगलाई दरिलो पार्नका लागि उहाँको प्रतिवध्दताको प्रशन्सा गर्नुभयो। चिलीका राष्ट्रपति पाँच दिवसीय भारत यात्रामा आज नयाँ दिल्ली पुग्नुभएको थियो।

***IPL***

IPL- T-20 क्रिकेटमा लखनऊको एकाना क्रिकेट स्टेडियममा, लख्नऊ सुपर जायंटसको पंजाब किंग्ससित मुकाबिला भैरहेकोछ। प्रतियोगितामा हिजो Mumbai Indians ले कोलकाता नाइट राइडर्सलाई आठ विकेटले पराजित गरेको थियो।

---

***लोकसभा- मछुआ***

केन्द्रिय मतस्य, पशुपालन र डेयरी मन्त्री राजीव रंजन सिंहले, सरकारले पछिल्लो दस वर्गमा मछुआहरूको कल्याणका लागि केयन उत्पादहरू गरेको, भन्नुभएकोछ।

उहाँले भन्नुभयो, यी उपायहरूद्वारा, देशमा माछा- उत्पादन र मछुआहरूको आय बढ़ाउनमा मद्दत भएकोछ। केन्द्रिय मन्त्रीले आज लोकसभामा, मछुआ समुदायका समस्याहरूबारे ध्यानकर्षण प्रस्तावमा जवाफ दिँदै हुनुहुन्थ्यो।

---

***संशो- राज्ययभा विमान***

राज्यसभाले विमान उपकरणहरूमा हितहरूको सुरक्षा विधेयक, 2025 लाई पारित गरेकोछ।

यो विधेयक, मोबाइल उपकरणहरू संबधी अंतर्राष्ट्रीय हितहरूबारे समझौतालाई कानूनी प्रभाव दिइने प्रयास हो।

विधेयकबारे चर्चाको जवाफ दिँदै नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले भारत, विश्वको तेस्रो सबभन्दा ठूलो घरेलु नागरिकउड्डयन 10 वर्षमा भएको विमान भन्नुभयो। अभूत्पूर्व प्रगति देखिएकोछ, उहाँले भन्नुभयो।

---

***राष्ट्रपति- RBI***

राष्ट्रपति द्रौपदी मुर्मुले, भारतीय रिजर्भ बैंक- RBI ले देशको भोक्तान ढाँचालाई निरन्तर आधुनिक बनाएर अनि फिनटेक परिस्थितिकी तन्द्रलाई बढ़वा दिएर भारतलाई डिजीटल भोक्तान क्षेत्रमा वैश्विक स्तरमा, अग्रणी देश बनाउनुमा महत्वपूर्ण भूमिका खेलेको भन्नुभएकोछ।

मुम्बईमा आज RBI को नब्बे वौं वर्षगाँठ समारोहमा राष्ट्रपतिले भन्नुभयो, पछिल्ला नौ दशकमा केन्द्रिय बैंकको उल्लेखनीय यात्रा सरकारको दृष्टि र नीति अनुरूप रहेकोछ।

---

म्यांमा- भूकम्प

म्यांमामा पछिल्लो साता गएको विनाशकारी भूँईचालोमा मर्नेहरूको संख्या 2 हजार 7 सय भन्दा बढ़ि पुगेकोछ।

त्यहाँका वरिष्ठ जनरल मिन आंग लाइंगले आफ्नो टेलीभिजन संबोधनमा भूँईचालोमा मर्नेहरूको संख्या दुई हजार साच सय उन्नाईस सम्म पुगेको, भन्नुभयो।

चार हजार, पाँच सय एक्काईस जना घायल भएको र चार सय एकचालीस बेपन्ता छन्, उहाँले भन्नुभयो।

गए शुक्रबार, म्यांमाको मांइले क्षेत्रमा 7.7 तीब्रताको भूँईचालो गएको थियो। यसका केही बेर पछी नै 6.4 तीब्रताको अर्को झटका जाँदा भारी जनहानि र क्षति भएको थियो।

थाइलैण्ड, वियटनाम, लाओस र दक्षिण पश्चिम चीनमा पनि भूँईचालोका ताब्र झटकाहरू महसूस गरिए।

यसैबीच म्यांमामा बचाव अभियां संपर्ण तीब्रताका साथ जारीछ। आँपरेशन ब्रहमा अन्तर्गत भारतले गत शनिबार देखि आपातकालीन सहायता बचाव तथा चिकित्सा पेशेवरहरूको एक टोली भोजन,पानी, टेन्ट, ओषदिहरू र आवश्यक आपूर्ति लगायत उद्वार सामग्री उपलब्ध गराई रहेकोछ।

---

***वक्फ- रिजिजु***

लोकसभामा भोलि वक्फ संशोधन विधेयक 2025 विचार र पारित गर्नका लागि प्रस्तुत गरिनेछ। संसदीय कार्य मन्त्री किरेन रिजिजुले आज संसद भवनमा पत्रकारहरूसित कुराकानीमा भन्नुभयो सदनमा विधेयकबारे आठ घंटा छलफल गरिने निर्णय लिइएकोछ। सरकार विधेयक बारे सबै प्रश्नहरूको जवाफ दिन तयार छ उहाँले भन्नुभयो।

---

***भारत जापान अंतरिक्ष संवाद***

तेस्रो भारत जापान अन्तरिक्ष संवाद आज टोक्यो मा आयोजित गरिएको थियो।

यस संवादमा अन्तरिक्षसित संवधित मन्त्रालय र एजेन्सीहरूले भाग लिएका थिए। संवादको उद्देश्य आ आफ्नो अन्तरिक्ष नीति र प्राथमिकताहरूबारे विचारहरूको आदान- प्रदानका लागि एक मंच प्रदान ग्रनु रहेको थियो।

संवादको अवधिमा, राष्ट्रिय अन्तरिक्ष कार्यक्रम, दिपक्षीय अन्तरिक्ष सहयोग अन्तरिक्ष स्थितिगत जागरूकता, अन्तरिक्ष सुरक्षा क्वाड अन्तरिक्ष सहयोग, उद्योग- स्तरीय सहयोग र वाणिज्यिक अन्तरिक्ष सहयोगबारे छलफल भयो।

---

***Waves CIC पंजीकरण***

World Audio Visual and Entertainment Summit (WAVES) को भागको रूपमा Create In India Challenge- CIC Season 1 मा एक हजार-85 हजार पंजीकरण भएका छन् जुन आफैमा एक उपलब्धि हो सूचना- प्रसारण मन्त्रालयले 32 विविध चुनौतिहरूमा 7 सय पचास भनदा बढ़ि Finalist हरू सावधानीपूर्वक चयन प्रक्रिया पछी छनौट भएको भनेकोछ।

Create In India चुनौतिका विजेताहरूलाई एक भव्य समारोहमा 'Waves Greater Awards' बाट सम्मानित गरिनेछ। Waves Summit को पहिलो संस्करण एक देखि 4 मई सम्म आयोजित हुनेछ।

---

***विदेश मन्त्रालय चिली***

भारत र चिलीले ब्यापार र लगानी बढाउनका लागी एक ब्यापक आर्थिक भागीदारी समझौताको दिशामा छलफल गर्नबारे सहमति त्यक्त गरेकोछ।

विदेश मन्त्रालयका सचिव पेरियासाम  कुमारनले नयाँ दिल्लीमा संवाददाताहरूलाई दुवै देश बीच वर्तमानमा आंशिक ब्यापार सम्झौता भएको भन्नुभयो जसको उद्देश्य यसली एक ब्यापक विदेशी ब्यापार सम्झौतामा कविस्तारित गर्नु रहेकोछ।

---

***मुख्य समाचार पुन एक पल्ट***

- ***प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा चिलीका राष्ट्रपति Gabriel Boric Font सित दिपक्षीय वार्ता गर्नुभएकोछ। विभिन्न क्षेत्रहरूमा, कैयन समझौताहरूमा हस्कताक्षर भएका छन्।***
- ***राज्यसभाले विमान उपकरणहरूमा हितहरूको सुरक्षा विधेयक,2025 लाई पारित गरेको छ।***
- ***सरकारले भोलि लोकसभामा वक्फ संशोधन विधेयक 2024 प्रस्तुत गर्नेछ।***
- ***राष्ट्रपति द्रौपदी मुर्मुले डिजीटल भोक्तान प्रणालीमा भारतलाई वैश्विक स्तरमा अग्रणी राष्ट्र बनाउका लागि भारतीय रिजर्भ बैंकका प्रयासहरूको प्रशन्सा गर्नुभएकोछ।***
- ***लखनऊमा, IPL, T-20 क्रिकेटमा लखलऊ सुपर जायंटसको, पंजाब किंग्ससित सामना भई रहेकोछ।***